# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गैडाकोट नगरपालिका, नवलपुर

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

***Serving the Nation***

***and***

***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं : ७७६

मिति: २०७७/३/२४

श्री प्रमुखज्यू,
गैडाकोट नगरपालिका,
नवलपुर ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(वागमती तथा गण्डकी महानिर्देशनालय)**

पत्र संख्या: २०७६।७७
च.नं : ८६७

मिति: २०७७।३।२५

श्री नगरप्रमूखज्यू,
गैडाकोट नगरपालिका,
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले गैडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाटरु.५ करोड ९९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ८ लाख १८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १६ लाख २३ हजार र पेश्की रु ७५ लाख ८० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।०२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना पन्ध्र (१५) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# गैडाकोट नगरपालिका, नवलपरासी (ब.सु.पू.)
# लेखापरीक्षण प्रतिवेदन
## २०७५/०७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। नवलपरासी (ब.स.पु) जिल्ला गैंडाकोट नगरपालिका मिति २०७१।१।२५ मा घोषणा भई २०७१।२।७ मा कार्यानवयन भई आएको छ। साविकका गैंडाकोट, मुकुन्दपुर, अमरापुरी, रतनपुर ४ वटा गा.वि.स.समेतलाई समावेश गरी गैंडाकोट नगरपालिकामा १८ वडा कायम भई वडा नं. १,२,३ छुट्टै वडा कार्यालय, ४ देखि ९ सम्म संयुक्त वडा समितिको कार्यालय साविक गैंडाकोट, १०-१३ साविक मुकुन्दपुर १४-१७ मा साविक अमरापुरी र १८ नं. वडा साविक रतनपुर गा.वि.स.कार्यालयवाट हाल सेवा प्रदान भैरहेको छ। यस नगरपालिका क्षेत्र भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सवै प्रकारका व्यक्तिहरु संख्या ४५८७ रहेको छ भने गैंडाकोट नगरपालिकामा लगभग १३००० घरधुरी संख्या र कुल जनसंख्या करिव ७१००० रहेको छ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

## आय व्ययको विवरण

| | आयतर्फ | | | स.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| स.नं | ववरण | | रकम | | ववरण | | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ८२९९६७०३.२४ | १ | चालु खर्च | ४१९११२७६१.५५ | ४१९११२७६१.५५ |
| | क. नगद | १३५२७१.०० | | २ | पुँजिगत खर्च | २४९०८८३२२.८२ | २४९०८८३२२.८२ |
| | ख. बैंक | ८२८६१४३२.२४ | | ३ | वत्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | | १०२१४४४७७.२९ | | क. ऋण भुक्तानी | | |
| | क. आन्तरिक राजश्व | ६९८७३४०३.२९ | | | ख. ब्याज भुक्तानी | | |
| | ख. रजिष्ट्रेशन दस्तुर | ३२२७१०७४. | | | ग. अन्य भुक्तानी | | |
| | ग. अन्य आय | | | ४ | लगानी | | |
| ३ | वत्तीय हस्तान्तरण | | ६००७९६७१०.६५ | | ऋण लगानी | | |
| | क. वत्तीय समानीकरण अनुदान | १५५२०००००.०० | | | शेयर लगानी | | |
| | ख. सशर्त अनुदान | २२९४६१७३६.०० | | | अन्य लगानी | | |
| | ग. संघीय सरकार राजश्व वाडफाँड | ८१४९३७०५.६५ | | ५ | धरौटी फर्ता | ८३६१८३३.२६ | ८३६१८३३.२६ |
| | घ. अन्य अनुदान | १३४६४१२६९.०० | | ६ | कोष खर्च (निकाशा फर्ता) | ८८६३२४९.५७ | ८८६३२४९.५७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ङ. अर्थ बजेट | | | ७ | ओ. ड.एफ.खर्च | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १५४१३८३६.०० | ८ | अर्थ बजेट | | |
| | क. वत्तीय समानीकरण अनुदान | ६४६३५००.०० | | ९ | मौज्दात | | १४५३८७४६४.११ |
| | ख. राजश्व वाडफाँड | ५०४३९३४.०० | | | क. नगद मौज्दात | ०.०० | |
| | ग. समपूरक अनुदान | | | | ख. बैंक मौज्दात | १३३४१८३९३.२४ | |
| | घ. अन्य अनुदान | ३९०६४०२.०० | | | ग. धरौटी मौज्दात | ४९६४०७०.८७ | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | घ. बिषेश कोष खाता मौज्दात | ७००५०००.०० | |
| ६ | वत्तीय व्यवस्था प्राप्ती | | | | | | |
| | क. ऋण प्राप्ती | | | | | | |
| | ख. साँवा प्राप्ती | | | | | | |
| | ग. ब्याज प्राप्ती | | | | | | |
| | घ. अन्य प्राप्ती | | | | | | |
| ७ | व भन्न कोष तर्फको आय | ७००५०००.०० | ७००५०००.०० | | | | |
| ८ | जनसहभा गता (नगद) | ९१३१०००.०० | ९१३१०००.०० | | | | |
| ९ | वषयगत निकायबाट प्राप्त रकम | | | | | | |
| १० | धरौटी आय | १३३२५९०४.१३ | १३३२५९०४.१३ | | | | |
| ११ | लगानीको साँवा फर्ता | | | | | | |
| १२ | अन्य व वध आय | | | | | | |
| | क. वडाबाट फर्ता | ०.०० | | | | | |
| | जम्मा | ८३०८१३६३१.३१ | ८३०८१३६३१.३१ | | जम्मा | ८३०८१३६३१.३१ | ८३०८१३६३१.३१ |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएको व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td>१.</td><td>आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।
<ul>
<li>सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई बर्षमा २ पटक हुने गरेको देखियो ।</li>
<li>जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।</li>
<li>मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।</li>
<li>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा एकैपटक पठाएको देखियो ।</li>
<li>स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,</li>
<li>कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,</li>
<li>वार्षिक  कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिनअगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।</li>
<li>विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको सोही आधारमा खर्च भुक्तानी दिने गरेको पाइयो ।</li>
<li>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाखभन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।</li>
<li>सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।</li>
<li>वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको</li>
<li>कन्टिन्जेन्सि खर्चको अभिलेख रजिष्टर नराखेको,</li>
<li>निजामती सेवा ऐन, २०४९ बमोजिम कार्यविवरण बनाई लागु गर्ने गरेको देखियो,</li>
<li>वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,</li>
</ul>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,</td><td></td></tr>
</table>

२. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा नगरसभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार नगरपालिकाबाट देहाय बमोजिम रु.९५००००.०सुविधा वापत भुक्तानी भएको छ ।

| विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष १८ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ६१ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३५००० | ३०००० | ३६०००० | ८०००० | ४२७००० | ९३२००० |
| सञ्चार सुविधा(मासिक दरमा) | | | १८००० | | | १८००० |
| बैठक भत्ता(बैठक संख्याको आधारमा) | | | | | | ०.० |
| अन्य बैठक भत्ता | | | | | | ०.० |
| यातायातखर्च मासिक | | | | | | ०.० |
| जम्मा | | | | | | ९५००००.० |

३. **खरिद योजना:**स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम नगरपालीका तथा गाँउपालीकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा उपदफा २ मा उक्त ऐनको अधिनमा रही कार्यपालीकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था भएको भएतापनि स्थानीय सार्वजनिक खरिद ऐन तथा नियमावली तर्जुमा नगरेको अवस्थामा संघीय सरकारको ऐन नियमको पालना गर्नु पर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा वढि रकमको खरिद गर्दा तोकिएबमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले वार्षिक रु १० लाख भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गरि सोही अनुसार स्वीकृति गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा पुंजीगत तर्फका कार्यक्रम नगरसभावाट स्वीकृत गराई कार्यान्वयन गरेतापनि वार्षिक खरिद योजना तथा गुरुयोजना तयार गरि स्वीकृत गराई कार्यान्वयनमा ल्याएको पाईएन ।

४. **नगरसभावाट पारीत कानुनहरु:**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गाउंपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा उपदफा २ मा उक्त ऐनको अधिनमा रही कार्यपालीकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने तथा उपदफा ३ मा गाउंपालीका तथा नगरपालीकाले उपदफा १ र २ मा बनाएको ऐन राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ ॥ यस नगरपालीकाले तपसिल बमोजिमका कानुन तर्जुमा गरेको भएतापनि नगरपालीकालाई आवश्यक पर्ने अन्य कानुन तर्जुमा गर्ने तर्फ नगरपालीकाले ध्यान दिनु पर्ने देखिन्छ ।

१ नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५

२ गैडाकोट नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५

३ नगरपालिकाको कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधी २०७५

४ हेभी इक्युपमेन्ट संचालन सम्बन्धी कार्यविधि २०७५

५ विद्यालय शिक्षा सञ्चालन,व्यवस्थापन तथा नियमन कार्यविधि २०७५

६ गैंडाकोट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि¸२०७५

| | | |
|---|---|---|
| | ७ गैंडाकोट नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५<br>८ गैंडाकोट नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशीका, २०७५<br>९ गैंडाकोट नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५<br>१० अपाङगता भएका व्यक्तिको परिचय(पत्र वितरण कार्यविधि, २०७५<br>११ गैंडाकोट नगरपालिकाको स्थानीय तह युवा विकास समिति नियमावली२०७५ | |
| ५. | **न्याय सम्पादन :** नेपालको वर्तमान संविधानको धारा २१७ मा व्यवस्था गरिए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिले मुद्दा मामिला किनारा तथा मेलमिलाप गराउने व्यवस्था छ । नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन भई समितिमा २०७५ श्रावण देखि असारमसान्त सम्म जम्मा ७४ उजुरी दर्ता भएकेमाा ६९ वटा फछ्यौट भई छलफल हुन बाँकी ५ वटा अल्या गरिएको रहेका छ । फछ्यौट गर्नेतर्फ समितिको ध्यान दिनुर्ने देखिन्छ । | |
| ६. | **भ्रमण अभिलेख खाता :-** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ अनुसार भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कायालयले अनूसुची ५ बमोजिमको ढाँचामा भ्रमण अभिलेख खाता राख्नु पर्ने व्यवस्था गरेकोमा नगरपालिकाले भ्रमणमा रु. १० लाख खर्च लेखेको भएतापनि अभिलेख खाता राखेको छैन । भ्रमण अभिलेख खाता नराख्दा कर्मचारी र पदाधिकारीले भ्रमण गरेको एकिन हुन सकिएन । | |
| ७. | **स्थानीय तथ्यांक र अभिले**खः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम यस नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तफ यस नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ८. | **राजस्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गैडाकोट नगरपालिकाले आर्थिक वर्ष ०७५।७६ मा रु ३,१३,७४,५९४.२० आम्दानी गरेकोमा वडा कार्यालयले रसिदमार्फत राजस्व असुल गरेको छ । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नकालागि Online system, computerize, गर्न तर्फ नगरपालीकाले ध्यान पुऱ्याउनु पर्दछ । | |
| ९. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । योगदानमा आधारित कल्याण कोषमा कार्यलयको तर्फबाट रु. ५ लाख जम्मा गरेको साथै निम्नानुसारका कोषमा यो वर्ष रु. २६ लाख जम्मा गरेको देखिन्छ । कोष सम्बन्धि नियम तथा कार्याविधि तर्जुमा वेगर कोषमा जम्मा गरेको छ । कोष सम्बन्धि ऐन नियम तथा कार्यविधि तर्जुमा गरि कोषको सचालन गर्नुपर्दछ ।<br>(रु. हजारमा) | |

| निकायमारहेकाकोषको | सम्बद्धकानु | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षंको | बाँकी |
|---|---|---|---|---|---|

| नाम | न | | | खर्च | |
|---|---|---|---|---|---|
| महिला तथा वालवालिका विशेष कोष खाता | | ४०५ | २०० | | ६०५ |
| दैवी प्रकोप उद्धार विशेष कोष | | १२०० | १००० | | २२०० |
| वातावरण व्यवस्थापन विशेष कोष खाता | | ६०० | ४०० | | १००० |
| स्वास्थ्य सामुदायिक विशेष कोष खाता | | ४०० | २०० | | ६०० |
| मर्मत सम्भार विशेष कोष खाता | | ३०० | १०० | | ४०० |
| गरिवी निवारण तथा सा.प. वि.कोष खाता | | ४०० | २०० | | ६०० |
| कर्मचारी कल्याणकोष खाता | | ११०० | ५०० | | १६०० |
| **जम्मा** | | **४४०५** | **२६००** | | **७००५** |

| क्र.सं. | विवरण | |
|---|---|---|
| १०. | **वितरणमुखी कार्यमा खर्च :-** स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था रहेका छ। नगरपालिकाले उक्त सुची तथा ऐन बमोजिम क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गर्नुपर्दछ। स्थानीय सरकार संचालन ऐनको मर्म अनुरुप गरिबी, पछौटेपन, बेरोजगारी, गरिबी लगायतका सामाजिक पछौटेपनहरुको निरुपणको लागी विभिन्न अभिमुखिकरण तालिम, सिप विकास लगायतका कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ । नगरपालिकाले विभिन्न सिप विकास तथा अभिमुखीकरण तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने रकमहरु सो कार्यमा खर्च नगरी वितरणमुखी क्रियाकलापमा खर्च गरेको छ। आन्तरिक आय कमजोर रहेको अवस्थामा आर्थिक असमानता हटाई वित्तीय समानिकरण ल्याउनको लागी उपलब्ध रकम नगरपालिकाले नगरसभा तथा कार्यपालिकाको निर्णयअनुसार विभिन्न प्रयोजनको लागी वितरण गरेको छ । त्यसैले यस प्रकारका खर्चको आवश्यकता र औचित्यबारे पुनःमूल्याकन गरी खर्च नियन्त्रणमा ध्यान दिनुपर्दछ। | |
| ११. | **आन्तरिक आय व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकाबाट प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले विज्ञापन कर संकलनका लागि तीन आर्थिक वर्षका लागि क्रमश १० प्रतिशत थप हुँदै जानेआर्थिक वर्ष २०७३।७४ मा रु १ लाख ५० हजारमा ठेक्का सम्झौता गरेकोमा रकम दाखिला गर्ने अवधि श्रावण उल्लेख गरेतापनि दाखिला कार्तिक ४ गते मात्र भएको छ। | |
| १२. | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सबै नगरपालिकाहरुले Sub-National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था अनुसार नगरपालिकाले आर्थिक वर्षको शुरुदेखि सुत्र प्रयोग गरि लेखा स्रेस्ता राखेको छ। | |
| १३. | **जिन्सी सामानको लगत र संरक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ बमोजिम जिन्सी मालसामा भण्डार अधिकृत वा भण्डार सहायकको संरक्षणमा रहने कुरा उल्लेख भएता पनि विषयगत शाखाहरुबाट शाखाकालागि आवश्यक जिन्सी मालसामान आफ्ना आवश्यकता अनुसार खरिद गर्ने केहिका मुल खातामा दाखिला गर्ने केही सामानका सहायक खातामा मात्र दाखिला गर्ने, हस्तान्तरण फारम नभर्ने गरेको पाइयो। खरिद कार्य भए पछि मुल जिन्सी खातामा दाखिला गरेर हस्तान्तरण फारम भरि लैजाने प्रकृया अपनाउनु पर्ने देखिन्छ। र मुल जिन्सीवाट मात्रै नगरपालीकाका साखाहरुले सामान खरिद गर्नु पर्ने। | |

१४. **कर्मचारी व्यवस्था** नजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा ६१ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल ५५ जना पदपुर्ति भई ६ पद रिक्त रहेको देखियो । स्वीकृत दरबन्दीमा कर्मचारी पदपुर्ति गर्ने र अनावश्यक पद भए खारेज गरी कार्यालयको संगठन संरचना दुरुस्त राख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

१५. **फोहोर व्यवस्थापन :** नगरपालिकाको फोहोर व्यवस्थापनको लागि नारायण नदिको किनारमा खाल्डो खनि फोहोर व्यवस्थापन गर्ने गरेको भएतापनी दिगो फोहोर व्यवस्थापनका लागि कुनै कार्य योजना समेत तयार गरको पाईएन । वातावरणिय प्रभाव मुल्यांकन समेत गरेको पाईएन ।

१६. **सिफारिस तथा घटना दर्ता :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०३ अनुसार नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र भएका सिफारिस तथा घटना दर्ताको अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ । यस नगरपालिका अन्तर्गत वडाहरुमा भएका सिफारिस र घटना दर्ताको एकीकृत अभिलेख विवरण निम्नानुसार प्राप्त हुन आएको छ । सिफारिस तथा घट्ना दर्तालाई छिटो, भरपर्दो मितव्यी, पारदर्शी र प्रविधी मैत्री बनाउन अनलाईन दर्ता प्रक्रियामा जानुपर्ने देखिन्छ । यस तर्फ नगरपालिकाको ध्यानाकर्षण गरिन्छ ।

| क्र. | विवरण | सेवा प्राप्तिकालागि निवेदन सख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १२४१ | १२४१ | |
| २ | घरबाटो सिफारिस | १२६९ | १२६९ | |
| ३ | नाता प्रमाणित | ११४५ | ११४५ | |
| ४ | जन्म, मृत्यु दर्ता | १५०७ | १५०७ | |
| ५ | अन्य | ९५४६ | ९५४६ | |

१७. **नक्सा पास र मुल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि नगरपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । यस वर्ष नगरपालिकाले गरेका नक्सा पास सम्बन्धी काम-कारबाही निम्नानुसार रहेको जनाएको छ । तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व नगरपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन र मुल्यांकन प्रणालीलाई यथार्थपरक बनाउनुपर्दछ ।

| घर नक्शा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | |
|---|---|---|---|---|
| | | गत विगत वर्ष अनुमति लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा |
| ७३२ | २८० | २०० | ५६ | २५६ |

१८. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) अनुसार वार्षिक बजेट कार्यक्रम कार्यान्वयन सुचारु रुपले गराउन र निर्धारित समय भित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनु पर्ने सहयोग र स्वीकृत बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको ठेक्का बन्दोबस्तीसम्बन्धी विवरण अनुसार यो वर्ष संचालित भएका ७ वटा कार्यहरूको ठेक्का सम्झौता भएकोमा १ वटा प्रथम चौमासिकमा १ वटा दोस्रो चौमासिकमा र ५ वटा तेस्रो चौमासिकमा ठेक्का सम्झौता भएकोमा असारमा ४ वटा ठेक्का संझौता भएको छ । यसले गर्दा निर्माण कार्य समयमा सम्पन्न नहुने तथा जनतामा प्रवाह हुने सेवा सुविधामा असर पर्ने हुँदा नियमको पालना गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

१९. **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्ने, नियम ३१ मा २०

लाखभन्दा बढी मूल्यको मालसामान बोलपत्रको माध्यमद्धारा खरिद गर्ने, नियम ८५(१) मा रु.५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । आन्तरिक आम्दानी र राजश्व बाँडफाँड बाट कार्यालयलेकार्यालय सामान मेसिनरी औजार र फर्निचर पटक पटक गरि रु.३९३९०००। सोझै खरिद गरेको पाइएकोले सोझै खरिद गरिने कार्यलाई नियन्त्रण गर्नु पर्दछ ।

| क्र.सं. | उपशीर्षकको नाम | कामको प्रकृति | लागतअनुमान | टुक्रा सङ्ख्या | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार राजश्व वाडफाड | छपाई | २,००० | ६ | १,५०५ |
| २ | संघीय सरकार राजश्व वाडफाड | फर्निचर | २,००० | ६ | १,२८४ |
| ३ | संघीय सरकार राजश्व वाडफाड | कम्प्यूटर प्रिन्टर खरिद | ५,०० | २ | ५,०० |
| ४ | गैं.न.पा. आन्तरीक श्रोत | सवारी साधन खरिद | ६,५० | ३ | ६५० |
| जम्मा | | | ५१५० | | ३९३९ |

२०. **परामर्श सेवा :**सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(१) मा सार्वजनिक निकायले सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्ति बाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । तर परापर्श सेवा खरिद गरिएकोमा पालिकामा कार्यरत जनशक्तिबाट काम हुन नसक्ने सम्वन्धमा कुनै कुरा स्पष्ट नगरी परामर्श सेवा खरिद गरेको पाइएकोले कानूनमा उल्लेखित व्यवस्था को पालना भएको पाइएन । देहायको पुलको डिपीआर तयार गरेको भनी रकम भुक्तानी दिएकोमा एउटै प्याकेज बनाई प्रतिस्पर्धा बाट कार्य गराउनु पर्नेमा सो नगरी पटक पटक खरिद गरेको नियम सम्बत नदेखिएको रु. २१०६०००

| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | परामर्श खर्च रु हजारमा | | |
|---|---|---|---|---|---|
| | | | गत वर्षसम्मको | चालु वर्षको | जम्मा |
| १. | निर्बाचनक्षेत्रविकासकार्यक्रम(बि.पी अन्तराष्ट्रिय खेलग्राम मास्टरप्लान तयार गर्ने कार्य) | ८०९ | | ८०९ | ८०९ |
| २. | कबर्डहलनिर्माणआयोजनाकोबिस्तृतयोजनाप्रतिबेदन | ५०० | | ५०० | ५०० |
| ३. | ढोडेनिखानेपानीआयोजनाकोमूलसंरक्षण | ४९७ | | ४९७ | ४९७ |
| ४. | विभिन्नसमयमाजडानगरेकासडकसौर्य बत्तिमर्मत तथा अभिलेखसंकलनफारम | ३०० | | ३०० | ३०० |
| जम्मा | | २१०६ | | २१०६ | २१०६ |

उक्त प्रतिवेदन कार्यान्वयन समेत भए गरेको पाईएन उक्त कार्यको प्रतिवेदन स्टोर आम्दामी बाधि आगामी वर्षमा कार्यन्वयन गरी काम हुनु पर्ने देखियो ।

२१. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष गरेको कुल पुँजीगत खर्च रु.२४९०८८ हजार मध्ये प्रथम चौमासिकमा १०.७६ प्रतिशत, दोश्रो चौमासिकमा २८.०६ प्रतिशत र तेश्रो चौमासिकमा ६१.१८

प्रतिशत खर्च गरेको देखिएको छ । तेस्रो चौमासिकमा भएको खर्च मध्ये आषाढ महिनामा मात्रै ३२ प्रतिशत खर्च भएको छ । कार्यालयले आर्थिक बर्षको अन्त्यमा बढी भार पर्ने गरी खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ नगरपालिकाको ध्यान जानु पर्दछ ।

| क्र. सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम | १३,९९० | - | | १३,९९० | ५९७३ |
| २ | संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम | २,३७९ | | ४९६ | १८८३ | १०८५ |
| ३. | झोलुङ्गे पुल कार्यक्रम | ५८० | | | ५८० | ५८० |
| ४ | सडकवोर्ड नेपाल | ७,७९४ | २,४५० | | ५,३४४ | ४,३४६ |
| ५ | गैंडाकोट नगरपालिका (आन्तरीक श्रोत/ वित्तिय समानिकरण/ राजश्व वाडफाड/) | २,२४,३४५ | २४,३३२ | ६९,४११ | १,३०,६०२ | ६६,७०५ |
| | जम्मा | २४९०८८ | २६७८२ | ६९९०७ | १५२३९९ | ७८६८९ |

२२. **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसार बोलपत्रको माध्यवाट खरिद गर्दा प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान रहेकोछ । यस वर्ष ५ प्रतिशत भन्दा घटी प्रतिस्पर्धा भएका ५ वटा ठेक्का देहाय अनुसार छन् :

| क्र.सं. | कार्यक्रमको नाम | ठेक्का नम्बर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | बोलपत्र फिर्ता सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम | लागत अनुमान का तुलनामा घटी |
|---|---|---|---|---|---|---|---|---|
| १. | कम्पाउण्ड वाल | GM/SQ/05/75-76 | ३ | ३ | ० | १७६६ | १७६३ | ०२% |
| २. | आनन्द चोक देखि दाताराम चोक सम्म (१६-१७) | GM/SQ/01/75-76 | ३ | ३ | ० | १६८८ | १६८६ | ०.१२ % |
| ३. | हर्कपुर चोक देखि वार्ड कार्यालय सम्म (११-१२) | GM/SQ/02/75-76 | ३ | ३ | ० | १६६७ | १६६२ | ०.३% |
| ४ | मौलाकालिका देखि मसानघाट(२,१) | GM/SQ/03/75-76 | ३ | ३ | ० | १६४४ | १६४३ | ०.०४ % |

प्रतिस्प्रदामा स्वीकृत भएका ठेककाहरु ०.०४ प्रतिशत सम्म कम कबोलमा संझौता भइ कार्य सम्पन्न भएका छन । तर ठूला ठेक्काहरुमा मिलो मतो गरी बोलपत्र खरिद र दर्ता गर्दा इ बिडिङ नगरेको माथिका परीदृश्यले बोलपत्रदाताहरुबीच मिलोमतो भएको अवस्था देखिएकोमा पनि जिम्बेवार पदाधिकारीलेबैकल्पीक व्यवस्था नगरी ठेक्का स्वीकृति गर्ने प्रकृया रोकिनु पर्दछ ।

२३. **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको प्रगति निम्नानुसार रहेको छ :

| कार्यक्रम/ योजना | यो वर्ष कुल | वार्षिक प्रगति स्थिति |
|---|---|---|

| | कार्यक्रम | शून्य प्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
|---|---|---|---|---|---|
| मूलकार्यक्रम सङ्ख्या | ७ | ० | ० | १ | |
| सहायक कार्यक्रम सङ्ख्या | ५०१ | ५१ | ७ | ९ | १८ |
| **रकम** | २४९०८८ | १३,९८५ | ३,२५७ | ५,७१६ | २५,६८८ |

न्यून प्रगति भएका कार्यक्रमहरु उल्लेख्य रुपमा रहेको हुँदा सोको कारण पत्ता लगाई आगामी दिनमा शत प्रतिशत प्रगति हासिल गर्ने तर्फ नगरपालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

२३.१ **मुल्य अभिवृद्धि कर कट्टी नगरेको :** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले मिति २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ.कर रकमको ५० प्रतिशत संवन्धित राजस्व शिर्षकमा र बाँकी ५० प्रतिशत संवन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार मिति २०७६।२।१६ पछिको ठेक्का बन्दोबस्त तथा परामर्शको भुक्तानीमा ५० प्रतिशत मुल्य अभिबृद्धिकर भुक्तानी दिने कार्यलयले सम्बन्धीत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु ...

| भौ नं. र मिति | फर्मको नाम | विल रकम | मु.अ.कर रकम | ५० प्रतिशतले हुने मु.अ.कर रकम |
|---|---|---|---|---|
| ६४१, ०७६/०३/१९ | द कस्मीक निर्माण सेवा चितवन | १६३९५६२ | २१३१४३ | १०६५७२ |
| ६६४, ०७६/०३/२४ | खानी मिशन जे.भी. काठमाण्डौ | ३७९११३५ | ४२९८४७ | २१४९२४ |
| १७, ०७६/०३/१० | डि.एण्ड जी कन्स्ट्रक्सन चितवन | ३३६०३६९ | ४३६८४८ | २१८४२४ |
| ७४७, ०७६/०३/२२ | पविता निर्माण सेवा | ४२६८५०० | ५५४९० | २७७४५२ |
| जम्मा | | १३०५९५६६ | ११३५३२८ | ८१७३७२ |

८१७७३२

२४. **मेसिनको प्रयोग :** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राविधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालीकाले अधिकांश ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो । श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमावलीको मनसाय भएतापनि अधिकांश बाटो निर्माणको काम मेसिनबाट गर्ने गरी लागत अनुमान तयार गरी काम गराएबाट मेसिन प्रयोग नहुने काम उपभोक्ताबाट गराउने नियमको मनसाय पालना भएको देखिएन । उपभोक्ता समितिले स्थानीय स्तरमा जनसहभागिता जुटाउन सक्ने श्रमप्रधान कार्यभन्दा बाहिरका कार्य गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

२५. **बढि भुक्तानी :-** २७३, २७६।१०।२७सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले विल भपाई र खर्च प्रमाणित गर्ने कागजात पेश गर्नु पर्ने व्यवस्था छ । लुम्वीनी मार्ग बाटो निर्माण कार्यको उपभोक्ता समितिलाई प्राविधिक मुल्यांकन अनुसार चिप्सको २१९.६० घन मिटरको प्रति घन मिटर रु. १८५०।- ले रु. ४०६२६०।- भुक्तानी दिइएको छ । उपभोक्ता समितिले उक्त कार्यको विल २०२ घ.मी. को रु. ३७३७००।- को मात्र पेश गरेको छ । उपभोक्ताको लागत सहभागिता ३५ प्रतिशत रहेको छ । उपभोक्ता समिति २११६४

| | | |
|---|---|---|
| | लाई बढी भुक्तानी भएकोमा लागत सहभागि कट्टा गरी असुल गर्नु पर्ने रु. | |
| | उपभोक्ता संगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिगं नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईएन । | |
| २६. | **कार्यसम्पन्न प्रतिवेदन :** नगरपालिकाले उपभोक्ता समितिबाट योजनाको काम गरि कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा कार्य सम्पन्न प्रतिवेदनमा निर्माण व्यवसायीको नाम, कामको विवरण, लागत अनुमानको कुल अंक, खर्च भएको कुल रकम, लागत भन्दा घटि बढि प्रतिशत, निर्माण कार्य सुरु मिति तथा सम्पन्न मिति जस्ता विवरणहरु उल्लेख गरि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेमा खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, मेजरमेण्ट गरेको मिति उललेख गरेको पाइएन । जसले गर्दा निर्माण कार्य समयमा शुरु भई समयमा नै सम्पन्न भयो भएन यकिन गर्न सकिएन । अतः निर्माणसँग सम्वन्धित सम्पुर्ण सूचनाहरु गरी कागजात तयार गर्नुपर्दछ । लागत अनुमान, मूल्यांकन, स्थलगत कार्य सम्पादन र विल भरपाई वास्तविक तुल्याउनेतर्फ नगरपालिका सजग हुनुपर्दछ । | |
| २७. | **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । | |
| २८. | **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । नगरपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो । | |
| २९. | शिव शर्मा पौडेललाई सरुवा भ्रमण खर्च बापत रु. ८०००।- दिएकोमा चितवनको स्वास्थ्य कार्यालय र नगरपालीका विचको दुरी २० कि.मि. भन्दा कम भएकोले नियमानुसार नपाउने रकम भुक्तानी लिएको रु. | ६००० |
| ३०. | **गत वर्षको भुक्तानी :** खर्च भुक्तानी गर्दा श्रेस्तासाथ खर्चको प्रमाण र पुष्ट्याई हुने पर्याप्त कागजात संलग्न गरी मितव्ययी तवरले खर्च लेख्नुपर्नेमा नगरपालिकाले भुक्तानी बाँकीको कच्चावारी प्रमाणित वेगर गत वर्षको जन प्रतिनिधिको तलब यस आवको भौ.३।०७५।४।२८ मा रु.९५१६६००। भुक्तानी दिएको नियमित नदेखिएको रु. | ९५१६६०० |
| ३१. | कर दाखिला नगरेको : भौ.१२५९-२०७६।३।३१ बाट रु.१८६०००। को पदाधिकारीलाई बैठक भत्ता वितरण गरेकोमा कर रु.२७९००। राजश्व दाखिला गरेको नपाइएकाले दाखिला गर्नु पर्ने रु. | २७९०० |
| ३२. | **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) सम्वन्धित कार्यालयले सम्वन्धित कार्यालयले को.ले.नि.का.बाट तलबी प्रतिवेदनपास नगराई तलब खर्च लेख्न नहुने व्यवस्था छ। नगरपालिकाले आ.व. २०७५/०७६ को तलवी प्रतिवेदन पास नगरी स्वास्थ्य, कृषि र भेटेनरीको रु.१५२६०३२५.३ बराबरको तलब भत्तामा खर्च लेखेको छ । अतः नियममा भएको व्यवस्था अनुसार तलबी प्रतिवेदन पास गरेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ३३. | **विद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत | |

| | | |
|---|---|---|
| | स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख  तयार गरिनु पर्दछ । | |
| ३४. | **दरबन्दी मिलान:**शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस नगरपालिका कार्यालय सग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रावि.  नि.मा.वि. मा.बि. मा राहात समेत गरी जम्मा १०२ जना दरवन्दी मौज्दात देखिएता पनि नगरपालिकाले विद्यालयको अवस्था, विद्यार्थीको अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अत: यसरी दरवन्दी मिलान वेगर नगरपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षकको तलव निकासा वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन | |
| ३५. | **नमुना विद्यालय:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माणको लागि जनक मा.वि गैडाकोट र कालिका मा.वि गैडाकोट लाई प्रति विद्यालय  रु १५०,००,०००।० का दरले रु.३००००००० निकासा भएकोमा सो को विल भर्पाइ र सो खर्चबाट सम्पन्न कार्यका मूल्याङ्कन, प्रगति तथा अनुगमन प्रतिवेदन पेश नभएकोले तोकिए बमोजिम कार्य भए नभएको परीक्षण गर्न नसकिएको  रु | ३०००००००<br>० |
| ३६. | **अग्रीम कर :** आयकर ऐन, २०५८ अनुसार कुनै पनि भुक्तानीमा १.५% अग्रिमकर कट्टा गरि भुक्तानी दिनु पर्ने व्यवस्था भएपनि निम्न भौचर निम्नानुसारको काम मा भुक्तानी दिदा अग्रिम कर नकाटेकाले सम्बन्धित बाट असुल गरि दाखिला गर्नु पर्ने रु. | १३५०३ |

| क्र.सं. | भौ.मिति | विवरण | भुक्तानी रकम | कर रकम | दाखिला | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|---|---|
| १ | १४३-०७६/३/९ | कृष्ण गण्डकी मा.वि कम्प्यूटर ल्याव ई लाइब्रेरी निर्माण | ६५००००.० | ८६२८ | ० | ८६२८ |
| २ | १४४-०७६.३.९ | पञ्चज्योती आ.वि ई लाइब्रेरी निर्माण | ३२५००० | ४८७५ | ० | ४८७५ |
| | | जम्मा | ९७५००० | १३५०३ | | १३५०३ |

| | | |
|---|---|---|
| ३७. | **बढी निकासा :** जनक मा.वि मा कार्यरत गरी २०७५।८।४ मा अवकाश प्राप्त गरेको डिल्लीराज घिमिरे पोषाक भत्ता रु.१००००। लिएको पाइएकाले अवकाश पछि पनि सो सुविधा भुक्तानी लिएको पाइएकाले संबन्धित संग असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु. | १०००० |
| ३८. | **अनुगमन :** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७३ अनुसार विद्यालयहरुलाई भुक्तानी हुने सशर्त पुँजिगत अनुदान रकम तोकिए बमोजिम उपसयोग भए नभएको सुनिश्चित हुन त्यस्तो अनुदान प्राप्त गर्ने विद्यालयहरुको अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सशर्त पुँजिगत अनुदानबाट निम्न विद्यालयहरुलाई अनुदान दिएकोमा सो अनुदान रकम रु. । उपयोगका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । अनुगमन नगर्दा रकम सदुपयोग हुन नसक्ने भएकोले तोकिएको काममा प्रयोग भए नभएको एकिन गरी प्रतिवेदन पेश गर्नु पर्दछ । | |

| वद्यालयकोनाम | कार्यक्रम | निकासारकम |
|---|---|---|
| लक्ष्मी मा.वि अमरापुरी | शौचलय निर्माण | ७०००००.० |
| जनता मा.वि हर्कपुर | | ७०००००.० |
| नेपाल रा श आ मा.वि गैडाकोट | विज्ञान प्रयोगशाला | ६५००००.० |
| वाल ज्योतिम ।.वि दमार | | ६५००००.० |
| अमरज्योती मा.वि अमरापुरी | ITCई लाइब्रेरी सामाग्र खरीद | ६५००००.० |
| पंचज्योति आ.वि अमरापुर | ITCई लाइब्रेरी सामाग्र खरीद | ६५००००.० |
| श्रीमाद् रामानुज वेद विद्याश्रम | भवन निर्माण | ५०००००.० |
| निम्वार्क संस्कृत गुरुकुल | भवन निर्माण | ५०००००.० |
| रत्नराज्य लक्ष्मी मा.वि | ४ कोठे भवन क्रमागत | १५५००००.० |
| | जम्मा | ६५५००००.० |

| | | |
|---|---|---|
| ३९. | **बुक कर्नर :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७७० मा उल्लेख गरे बमोजिम बुक कर्नर व्यवस्थापन गर्न कक्षा १-५ को लागी रु.५३८९५०। कक्षा ६-८ को लागी रु.५१८६००। र कक्षा ९-१० सम्म रु.३८९०००। गरी जम्मा रु.१४४६५५०। अनुदान निकासा दिएकोमा सो कार्य गरे नगरेको बारे कार्यालयले अनुगमन गरेको देखिएन । अत कार्यालयले अनुगगमन गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ४०. | **परिचयपत्र बितरण** :सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा १० मा सुबिधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिबार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यवस्था रहको छ । यसैगरी परिचयपत्र प्राप्तिका लागी अनुसूचीहरुमा तोकिएको ढाँचामा फारामहरु नगरपालिकाले निशुल्क उपलब्ध गराउने,साबिकमा परिचयपत्र लिएका व्यक्तिहरुको नवीकरण गर्नुपर्ने, परिचयपत्र बितरण नगरी भत्ता बितरण गर्न नहुने जस्ता बिषयहरु उल्लेख गरिएको छ । भत्ता बितरण भरपाई परीक्षण गर्दा कुनैपनि लाभग्राहीको परिचयपत्र उल्लेख गरिएको पाईएन । यसरी परिचयपत्र जारी नगरी भत्ता बितरण गर्दा बितरण कार्यमा अनियमितता हुने, लक्षित वर्गसमक्ष रकम नपुग्ने र अभिलेख तथा सुचना प्रवाह प्रणाली ब्यबस्थापन कमजोर हुने साथै लक्षित वर्गले भत्ता प्राप्त गरे नगरेको यकिन गर्न नसकिने भएकोले कार्यालयले शीघ्र परिचयपत्र बितरण गरी आर्थिक अनुशासन कायम गराउनुपर्ने देखिन्छ । | |
| ४१. | **सामाजिक सुरक्षा समन्वय समिति** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक नगरपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न नगरपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका नगरपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नवीकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन । | |
| ४२. | **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की गएको रकम नियमावलीमा तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्षमा विभिन्न प्रयोजनलाई दिएको निम्नानुसारको पेश्की आर्थिक वर्षको अन्तसम्म पनि फर्छ्यौट भएको नदेखिएकोले नियमानुसार फछ्र्यौट हुनु पर्ने रु | ७५८०२०० |

| क्र.सं. | भौ.मिति | पेश्की लिने पक्षको नाम | पेश्की रकम | |
|---|---|---|---|---|
| १ | ३/४/२०७६ | गैंडाकोटचक्रपथनिर्माणउपभोक्तास मतिकोलागतसहभा गतापेश्की | १४७०००० | |
| २ | ५/२४/२०७५ | अर्जुनरिमालभैपरीआउनेयोजनाहरुवडानं . ३ | १००००.०० | |
| ३ | १२/१२/२०७५ | गंगाधाम मार्ग उपभोक्ता स मति बाटो कालोपत्रे लागत सहभा गता पेश्की | ३५३०००.०० | |
| ४ | १२/१३/२०७५ | श्री सस्ने आधुनिक कृषक समूह डप वोरिङ्ग सँचाई आयोजना सञ्चालन | १३५०००.०० | |
| ५ | १२/१८/२०७५ | जेष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपाल | ७५०००.०० | |
| ६ | १२/२७/२०७५ | सर्जना टोल बाटो निर्माण उपभोक्ता स मति | ५८०००.०० | |
| ७ | १/११/२०७६ | भृकुटी टोल भल नियन्त्रण उपभोक्ता स मति | ११६४०००.० | |
| ८ | २/२/२०७६ | वष्णु कुमारी श्रेष्ठ | १५०००.०० | |
| ९ | २/१३/२०७६ | गैंडाकोट चक्रपथ निर्माण उपभोक्ता स मति | १४७००००.० | ७५८०२०० |

| | | | |
|---|---|---|---|
| १० | २/१३/२०७६ | वष्णुप्रसाद सापकोटा | ४८२००.०० |
| ११ | २/२८/२०७६ | शवशक्त कृष समूह डपवोरिङ्ग सँचाई आयोजना सञ्चालन वडा १० | १३५०००.०० |
| १२ | ३/२३/२०७६ | अमरापुरी स्वास्थ्य चौकी | १०००००.०० |
| १३ | ३/२३/२०७६ | अमरापुरी स्वास्थ्य चौकी | १०००००.०० |
| १४ | ३/२३/२०७६ | अमरापुरी स्वास्थ्य चौकी निर्माण | ४०००००.०० |
| १५ | ३/२४/२०७६ | श्याम वन | ५०००००.०० |
| १६ | २/१०/२०७६ | डी एण्ड डी कन्स्ट्रसन लाई मौलाकाली देखि मसानघाट मार्ग | ४९९०००.० |
| १७ | ३/११/२०७६ | बेलाटारी टोल सुधार समिति सो अन्तर्गतको बाटो निर्माण | १०४८०००.० |
| | | जम्मा | ७५८०२००.० |

अनुसूची- १

# गैडाकोट नगरपालिकाकोसञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश : गण्डकी** (रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | गैडाकोट नगरपालिका | नवलपरासी (ब.सु.पू) | ८२९९७ | १५५२०० | ४९०४७३ | १०२१४४ | ७४७८१७ | ४१९११३ | २४९०८८ | १७२२६ | ६८५४२७ | १४५३८७ |

अनुसूची– २

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | नवलपरासी (ब.सु.पू) | गैडाकोट नगरपालिका | ३२ | ११ | ५०४४४ | ० | १ | ३४५ | ३२ | १० | ५००९९ | ७८ | ११६२३ | ३०८१८ | ० | ० | ४२४४१ | ५२५ | ७०५५ | ७५८० |

अनुसूचि ३

## अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | गैडाकोट नगरपालिका | नवलपरासी (ब.सु.पू) | १५१५८ | १२२८० | २८७८ | | ५००९९ | ५२९७७ |